# खाँदबारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

संखुवासभा, खाँदबारी

## ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख उत्खनन ⁄ संकलन तथा निकासी कार्यको

## शिलवन्दी बोलपत्र आह्वानको सूचना

**(सूचना प्रकाशित मिति :- २०७५ ⁄ ०६ ⁄ २२)**

यस कार्यालयवाट आ.व. ०७५ ⁄ ०७६ का लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को १ को (च) र दफा ११ को घ को (६) वमोजिम ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढङ्गा, खरीढङ्गा, अभ्रख जस्ता प्राकृतिक श्रोतमा प्रदेश सरकारले निर्धारण गरेको करको दर अनुसार खाँदवारी नगरपालिकाको राजश्व ऐन २०७५ को परिच्छेद ४ को दफा २२ मा व्यवस्था भए वमोजिम खाँदवारी नगर कार्यपालिकाको मिति २०७५ ०६ ११ गतेको निर्णयानुसार देहायमा उल्लेखित खोला, नदी नालावाट ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढङ्गा, खरीढङ्गा, अभ्रख आदि उत्खनन संकलन र नगरक्षेत्र भन्दा वाहिर निकासी शुल्क अशुली सम्वन्धी आ.व. ०७५ ०७६ को वाँकी अवधि (२०७६ जेष्ठ मसान्त सम्म) का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकासित गरिएको छ । सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र वोलपत्र फारम खरीद गरी ३१ औं दिनको मध्यान्न १२:०० वजे सम्म देहायको सर्तवन्देजमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएकोछ । शुल्क अशुली सम्वन्धी दररेटको विवरण तथा कर संकलन तथा निकासी सम्वन्धी थप शर्तहरु वोलपत्र फारम साथ उपलब्ध गराईने छ । साथैं दररेट सम्वन्धी विवरण र ठेक्का सम्वन्धी थप जानकारी यस कार्यालयको राजश्व तथा आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखेर वा यस नगरपालिकाको वेभ पेज www.khandbarimun.gov.np वाट समेत लिन सकिनेछ ।

| ठेक्का संकेत नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर रु. | उत्खनन ⁄ संकलन तथा निकासी गर्न सकिने परिमाण | न्यूनतम अंक(मू.अ.क. वाहेक) |
|---|---|---|---|---|
| ०१ ०७५ ०७६ | खाँदवारी नगरपालिका भित्रका स्वीकृत IEE प्रतिवेदन वमोजिमका वेतीनी खोला, चेवा खोला, सभा खोला तथा अरुण नदीहरुको नाकाहरुवाट ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख आदि उत्खनन ⁄ संकलन तथा निकासी कार्य | ३,०००।- | ८१०५० घ.मि | ३०,००,०००।- |

**शर्तहरु :**

१. वोलपत्र दर्ता गर्दा शिलवन्दी खामको वाहिरपट्टी नाम प्रष्ट वुझिने गरी लेख्नु पर्नेछ ।

२. शिलवन्दी वोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र, सम्वन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर सहितको PAN को प्रतिलिपी र आ.व. ०७४ ⁄ ०७५ को आयकर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. धरौटी वापत आफुले कवोल गरको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नाममा श्री रा.वा.वैंक लि. खाँदवारी शाखाको धरौटी खाता नं. २०८०३०३००७१०२ मा नगद जम्मा गरी सोको दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम वरावरको क वर्गको वैंकद्धारा यस नगरपालिकाको नाममा जारी गरिएको वोलपत्र फारम वुझाउने अन्तिम दिनवाट कम्तीमा १२० दिनसम्म म्याद भएको वैंक ग्यारेन्टी(Bid Bond) सक्कलै पेश गर्नु पर्नेछ ।

४. वोलपत्र पेश गर्दा कवोल रकम अंक र अक्षरमा प्रष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. दर्ता भएको वोलपत्रहरु फिर्ता सम्वन्धी व्यवस्था सार्वजनिक खरिद ऐन अनुसार नै हुनेछ ।

६. यो सूचना वमोजिम पर्न आएका कुनै वा सवै वोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।

७. कुनै शर्त सहितको वोलपत्र स्वीकार्य हुने छैन ।

८. वोलपत्र स्वीकृत भई सोको जाकारी प्राप्त भएको ७ दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौत गर्न नआएमा उक्त वोलपत्रदाताको धरौटी जफत गरी दोस्रो वढी कवोल गर्नेलाई दिने प्रकृया नियमानुसार कारवाही अगाडि वढाइनेछ ।

९. ठेक्का स्वीकृत भएपछि सम्वन्धित ठेकेदारले वुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले हुने मू.अ.क. समेत वुझाउनु पर्नेछ ।

०६/२२

प्रमुख प्रशासकीय अधिकृत

१०. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ ।

११. ठेक्का स्वीकृत भएपछि एकमुष्ट रकम बुझाउन चाहनेले मू.अ.क. को रकम सहित एकमुष्ट बुझाउदा कबोल अंकमा मू.अ.क. को रकम घटाई बांकी रकममा ५ प्रतिशत छुट दिइनेछ ।

१२. ठेक्का सम्झौता भइसकेपछि बीचमा कुनै कारण देखाई छोड्न पाइने छैन ।

१३. किस्ता बन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको क वर्गको बैंकबाट जारी भएको घटीमा १५ महिना अवधि भएको परफरमेन्स बोण्ड बुझाई ठेक्का रकम ३ किस्तामा बुझाउन सकिनेछ ।

१४. तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानुन अनुसार जरिवाना गरिने र जेठ मसान्तभित्रमा नबुझाएमा परफरमेन्स बण्डबाट असूल उपर गरिनेछ ।

१५. ठेक्का सकार गर्ने ठेकेदारले नगरपालिकाले तोकेको शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट उठाइएको पाइएमा नियमानुसार कानूनी कारवाही गरिनेछ । साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ ।

१६. ठेक्का स्वीकृत हुने ठेकेदारले ढुङ्गा, गिटी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख आदि उत्खनन/संकलन तथा निकासी गर्न पाउने नाका, परिमाण र समय IEE प्रतिवेदन अनुसार देहाय बमोजिम हुनेछ ।

अरुण नदीको पूर्वी भाग, सभाखोलाको पश्चिम भाग, बेतीनी खोला, चेवा खोलाहरुबाट ढुङ्गा, गिटी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख आदि देहाय बमोजिम तोकिएको स्थान र परिमाणमा उत्खनन/संकलन गर्न पाईनेछ ।

- क) चेवा खोला : चेवाखोलाको दुवै किनारबाट ढुङ्गा (९००० घन मिटर)
- ख) अरुण नदी : चेवा बेसी स्थित अरुण नदीको बाँयापट्टी ढुङ्गा र बालुवा (२१६०० घन मिटर)
- ग) अरुण नदी : अरुण नदी स्थित बेतीनी दोभान ढुङ्गा र बालुवा (८४०० घन मिटर)
- घ) बेतीनी खोला : बेतीनी खोला ढुङ्गा (६७५० घन मिटर)
- ङ) मनकामना मन्दीर क्षेत्र भन्दा माथि : अरुण नदीको बायाँ किनार (संरक्षित क्षेत्रमा उठाउन नपाउने)
- च) मनकामना मन्दीरको तल्लो क्षेत्र लामीबगर : अरुण नदीको बायाँ किनार (संरक्षित क्षेत्रमा उठाउन नपाउने)
- छ) अरुण नदी बायाँ तर्फ : दिङ्ला जाने बाटो बालुवा र मिस्कट (५४० घन मिटर)
- ज) अरुण नदी र सभाखोलाको दोभान : अरुण नदीको बायाँ किनार ढुङ्गा, बालुवा र मिस्कट (१६८०० घन मिटर)
- झ) सभाखोला वडहरेनी पक्की पुल भएको ठाउँ : सभाखोलाको पश्चिम भाग ढुङ्गा, बालुवा र मिस्कट (११२५० घन मिटर)
- ञ) आईतवारे देविथान पाखा : सभाखोलाको पश्चिम भाग ढुङ्गा, बालुवा र मिस्कट (६३०० घन मिटर)
- ट) सभाखोला पुल क्षेत्र भन्दा ५००मी. माथि : सभाखोलाको पश्चिम भाग ढुङ्गा, बालुवा र मिस्कट (५२५० घन मिटर)
- ठ) सभाखोला पुल क्षेत्र भन्दा ५००मी. तल : सभाखोलाको पश्चिम भाग ढुङ्गा, बालुवा र मिस्कट (१९२० घन मिटर)
- ड) अरुण सभा दोभान : सभाखोलाको पश्चिम भाग ढुङ्गा, बालुवा र मिस्कट (३२५० घन मिटर)

१७. उत्खनन/संकलन (प्रति घन फिट)

- क) ढुङ्गा, गिटी, रोडा र ग्रावेल रु.३।-(तीन रुपैया मात्र)
- ख) बालुवा रु.२।५०(दुई रुपैया पचास पैसा)
- ग) माटो (भरौट र बलौटो) रु. १।२५(एक रुपैया पच्चिस पैसा मात्र)
- घ) चुन ढुङ्गा रु. ३।-(तिन रुपयाा मात्र)

निकासी (प्रति घन फिट)

- क) ढुङ्गा र गिटी रु.२।-
- ख) बालुवा, माटो (भरौट) रु.१।-
- ग) काठ, दाउरा र जराजुरी रु. २।-
- घ) स्लेट र खरीढुङ्गा रु.२।-
- ङ) अन्य प्राकृतिक तथा खानीजन्य वस्तु रु.१।५०

१८. IEE प्रतिवेदन यस ठेक्काको अभिन्न अंगको रुपमा मानिनेछ ।अ

१९. सम्बन्धित कर संकलनका लागि नगरपालिकाले तोकिएको स्थानहरु वा नाका बाहेक अन्य स्थानहरुबाट ढुङ्गा, गिटी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख उत्खनन/संकलन तथा निकासी वा त्यसको शुल्क उठाउन पाइने छैन ।

२०. तोकिएको नाका र परिमाणभन्दा बढी उत्खनन/संकलन गरी बिक्री गरेमा सोबाट हुने हानी नोक्सानी सबै ठेकेदारबाट भराइने छ ।

२१. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग वा अन्य सडकमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२२. बोलपत्र धरौटी बापत नगदै जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ठ बुझाउने रकममा समायोजन गर्न पाइने छैन । यस्तो रकम वा बोलपत्र जमानत ठेक्का अवधि भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन पत्र लिई पेश गरेपछि मात्र फिर्ता वा फुकुवा दिइने छ ।

२३. यस नगरपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्ने पर्नेछ।

२४. तोकिएको शुल्क संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षबीच आपसी छलफलद्वारा समाधान गरिने छ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ । उक्त निर्णय मान्नु ठेकेदारको कर्तब्य हुनेछ ।

२०७८/०३/२२
प्रमुख प्रशासकीय अधिकृत

२५. वोलपत्र फाराममा उल्लेख भए वाहेकका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२६. वन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुवाट सृजेता हुने अवरोधिका कारण ठेक्का रकम छुट वा मिन्हा दिइने छैन ।

२७. कुनै एक फर्मको नाममा खरिद गरेको वोलपत्र फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

२८. ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख जस्ता पदार्थहरु नदीवाट उत्खनन गर्दा प्रचलित कानुन तथा कार्यपालिका वैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक वहावलाई प्रतिकुल असर नहुने गरी नदीको Channeling गरेर मात्र उत्खनन गर्नुपर्ने छ ।

२९. ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख आदि निकाल्दा अर्काको घरजग्गा, कुलो , वाँध , वाटो आदि क्षति हुनेगरी निकाल्न पाइने छैन ।

३०. यस ठेक्काको लागि सम्झौता अवधि २०७६ जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ ।

३१. वोलपत्र फाराम साथ पेश गर्ने कागजातहरु नोटरी पब्लिकवाट प्रमाणित भएको हुनु पर्नेछ ।

३२. वोलपत्र फाराममा कवोल गरेको अंक वापतको रकम यस नगरपालिकालाई वुझाउदा चेक मार्फत कारोवार गर्न पाइने छैन । कार्यालयले उपलब्ध गराएको बैंक खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

३३. गत विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न वांकी वक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

३४. पेश भएका शिलवन्दी वोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० वजे यसै कार्यालयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । सो समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिती नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३५. वोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा ती कामहरु क्रमशः त्यसपछि कार्यालय खुलेको पहिलो दिन हुनेछन् ।

२०७५।०६।२२

प्रमुख प्रशासकीय अधिकृत